# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८** **संख्या ११** **मिति २०८१।०२।२१**

# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

## आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/१४**
**प्रमाणीकरण मितिः २०८१/०२/१७**

## प्रस्तावना:

संघीय सरकार, प्रदेश सरकार, यस नगरपालिका तथा साझेदार संस्थाहरुको अनुदानबाट सञ्चालन हुने विकास निर्माण कार्यसँग सम्बन्धित योजनाहरु जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त साथै व्यवस्थित तवरले सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शारदा नगर कार्यपालिकाबाट आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ तर्जुमा गरी लागु गरिएको छ।

**परिच्छेद-१**
**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भ :**
क. यस कार्यविधिको नाम आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ।
ख. यो कार्यविधि राजपत्रमा प्रकाशन गरेको मिति देखि प्रारम्भ हुनेछ।
**२. परिभाषा :**
क."आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनुपर्छ।
ख. "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ।
ग. "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।
घ. "कार्यविधि" भन्नाले शारदा नगर कार्यपालिकाबाट पारित आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्झनुपर्छ।
ङ "गैरसरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि प्रचलित कानून बमोजिम स्थापना भएका र नगरपालिकाबाट आफनो कार्यक्रम स्वीकृत गराई नगरपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनुपर्छ।
च. "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुग्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ।
छ. "नगरपालिका, नगर कार्यपालिका र नगर सभा" भन्नाले तोकिएको अवस्थामा वाहेक शारदा नगरपालिका, शारदा नगर कार्यपालिका र नगर सभा सम्झनुपर्छ।
ज. "विषयगत कार्यालय" भन्नाले संघीय, प्रादेशिक र नगरपालिका मातहतका कार्यालयहरु सम्झनुपर्छ।
झ. "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ।
ञ. "नगरपालिका" भन्नाले नगरपालिका र सो मातहतको निकाय सम्झनुपर्छ।
ट. "प्राविधिक कर्मचारी" भन्नाले इन्जिनियर, सव-इन्जिनियर, असिस्टेन्ट सव-इन्जिनियर वा अन्य इन्जिनियरिङ्ग सेवासँग सम्वद्ध कर्मचारी सम्झनुपर्छ।
ठ. "सार्वजनिक परीक्षण" भन्नाले कार्यविधिको दफा ३ को उपदफा (१) खण्ड (त) सँग सम्बन्धित नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्गन गर्ने कार्य सम्झनुपर्छ।

ड. ‘‘सार्वजनिक सुनुवाई’’ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र नगरपालिकाका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनुपर्छ।

ढ. ‘‘सामुदायिक संस्था’’ भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा नगरपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ।

ण. ‘‘योजना’’ भन्नाले समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक, वार्षिक र विषयगत गुरूयोजना आदि सम्झनुपर्छ।

त. ‘‘कार्यालय’’ भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

**३.कार्यविधिको उद्देश्य :** यस कार्यवधिको उद्देश्य देहाय बमोजम हुनेछ :

(क) नगरपालिकामा सबै प्रकारको स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने।

(ख) आयोजना व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ग) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने।

## परिच्छेद-२
## कार्यक्रम वा आयोजना सञ्चालन तथा व्यवस्थापन

**४. नगरपालिकाको कार्यक्रम वा आयोजना सञ्चालन:** (१) नगरपालिकाको कार्यक्रम तथा आयोजना देहायका श्रोतबाट संचालित हुनेछन्:-

(क) नगरपालिकाको आफ्नै स्रोतबाट,

(ख) नगरपालिकालाई प्राप्त सशर्त, समानीकरण, समपुरक, विषेश तथा अन्य अनुदानबाट,

(गा) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट,

(घ) विभिन्न गैरसरकारी संघ संस्थाबाट प्राप्त सहयोगबाट,

(ङ) आन्तरिक तथा वाह्य ऋणबाट।

(२) नगरसभाले वार्षिक नीति, बजेट तथा कार्यक्रम र विनियोजन ऐन पारित गरेपछि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा भएको व्यवस्था अनुसार खर्च गर्ने अख्तियारी प्राप्त भए पश्चात आयोजना सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(३) गैर सरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रम नगर कार्यपालिकासँग स्वीकृती लिई सञ्चालन गर्न गराउनु पर्नेछ।

(४) नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रममा गैर सरकारी संस्थाहरूको लगानी समेत हुने अवस्थामा दुई संस्था बीच भएको संझौता अनुसार आयोजना सञ्चालन हुनेछ।

(५) संघ तथा प्रदेश सरकारको अनुदानबाट सञ्चालन हुने विशेष आयोजना संघ तथा प्रदेश सरकारद्वारा तोकिएको प्रक्रिया बमोजिम संचालित हुनेछ।

**५. नगरपालिकास्तरमा बजेट तथा आयोजनाको तर्जुमा:** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.५ मा व्यवस्था भए बमोजिमको समितिले नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रमको तय र प्राथमिकीकरण श्रोत अनुमान तथा बजेट निर्धारण समितिले निर्धारण गरेको आयको प्रक्षेपण, वितरणको खाका र बजेटको सीमा भित्र रहि गर्नेछ। यसरी प्राथमिकीकरण गरेका आयोजनाहरु श्रम तथा रोजगारी सृजना गर्ने हुनेछन्। आयोजना छनौट गर्दा निम्न प्रकारका आयोजनालाई प्राथमिकता दिनु पर्नेछः

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।

ख. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग. स्थानीय समुदायको जीवनस्तर सुधार गर्ने, आम्दानी वृद्धि हुने तथा रोजगारी सृजना हुने ।

घ. समुदायको अधिकतम सहभागिता, कम लागत लाग्ने तथा बढि लाभ दिने ।

ङ. आयोजना संचानल गर्दा अधिकतम स्थानीय श्रोत साधनको प्रयोग गर्न सकिने ।

च. संकटासन्न समुदायका महिला, बालवालिका, दलित, जनजाति, पिछडिएको समुदायका व्यक्तिहरुलाई प्रत्यक्ष लाभ दिने तथा लैंगिक समानता तथा सामाजिक समावेशिकरण अभिवृद्धि हुने ।

छ. दीगो तथा वातावरण संरक्षण र संकटासन्न समुदायको समुत्थान गर्न सघाउ पुऱ्याउने ।

ज. स्थानीय स्तरमा आवश्यकता महशुस भएको श्रम केन्द्रित अन्य आयोजनाहरु ।

**६. आयोजनाको कार्यान्वयन र व्यवस्थापन :** (१) आयोजनाको कार्यान्वयन देहाय बमोजिम हुनेछ:

(क) नगर सभाबाट विषयगत शाखाबाट सञ्चालन हुने भनि तोकिएका आयोजना सम्बन्धित विषयगत शाखाबाट,

(ख) विषयगत शाखाबाट सञ्चालन हुने भनी तोकिएका बाहेकका अन्य आयोजना नगर कार्यपालिकाको कार्यालयबाट ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि विषयगत शाखाहरु व्यवस्थित नभएसम्म विषयगत शाखाबाट संचालन हुने आयोजना सम्बन्धित विषयगत शाखाको समन्वयमा कार्यपालिकाबाट सञ्चालन गरिनेछ ।

(३) उपदफा १ को खण्ड (ख) बमोजिम संचालन हुने आयोजनाको हकमा कार्यपालिकाले आयोजनाको स्वीकृत लागत अनुमान अनुसार सम्झौता गर्ने, अनुगमन तथा निरीक्षण गर्ने, सार्वजनिक परीक्षण गराउने र प्राविधिक मूल्याङ्कन गरी गराई रनिङ्ग बिल तथा अन्तिम बिल भुक्तानी दिनु पर्नेछ । उपभोक्ता समितिको गठन, सम्झौताको लागि सिफारिस, अनुगमन मूल्यांकन तथा भुक्तानीका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ ।

(४) उपदफा १ अनुसार आयोजना संचालन गर्दा उपभोक्ता समिति, गैरसरकारी संस्था, सामुदायिक संस्था, सरकारी-निजी वा सरकारी-सहकारी क्षेत्र, ठेक्का वा कार्यालय आफैले अमानतबाट समेत कार्यान्वयन गर्न गराउन सक्नेछ ।

**७. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था:**१) नगरपालिकाले आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन कार्यालयको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

(२) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा स्थानीय दररेट नभएको अवस्थामा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई तयार गर्नुपर्नेछ । सर्वसाधारणले लागत अनुमान नबुझेको विषयमा जानकारी दिनु लागत अनुमान तयार गर्नेको कर्तव्य हुनेछ ।

(३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुन सक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भएमा सम्बन्धित प्राविधिकबाट कारण खोली स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(४) लागत अनुमानको परीक्षण र स्वीकृति सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र शारदानगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१  बमोजिम गर्नुपर्नेछ ।

५) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्ता उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

**८.सार्वजनिक निजी साझेदारी:** १) नगरपालिकाले सञ्चालन गर्ने निर्माणका कार्य तथा कुनै पनि सेवा खरिद र सेवा प्रवाहका कार्य सार्वजनिक निजी साभेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न नगरपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ।

(३) नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्नसक्नेछ।

**९. ठेक्कापट्टासम्बन्धी व्यवस्था:** उपभोक्ता समितिबाट कार्यसम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरूको नगरपालिकाले प्रचलित कानूनको प्रक्रिया पुर्याई ठेक्कापट्टा मार्फत काम गराउनुपर्नेछ।

**१०. सडक निर्माणसम्बन्धी विशेष व्यवस्था:** (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुनेगरी सञ्चालन गर्नुपर्नेछ।

२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्ततिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनुपर्नेछ।

३) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनुपर्नेछ। तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ को परिधि भित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्नेछैन।

४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र नगरपालिका लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नुपर्नेछ।

५) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुप्याउने किसिमका आयोजनाहरू तथा नगरपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइने छैन।

**११. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) १ करोड भन्दा कम लागतका स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाको हकमा नगरपालिकाको मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था गर्न सकिनेछ।

२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसूची-१ बमोजिमको ढाँचामा हस्तान्तरण गरी दीगो सञ्चालन हने व्यवस्था मिलाउनुपर्नेछ।

३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित स्थानीय निकायबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफनो कोष खडा गर्न सक्नेछन्।

४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजार मध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ। बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ।

५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा नगरपालिकाबाट थप लगानी हुनेछैन।

**१२. आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन, सार्वजनिक परीक्षणको प्रतिवेदन र दफा २७ (३) बमोजिमको नगर पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ।

२) नगरपालिकाले विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको कार्यसम्पन्त प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ।

३) नगरपालिकाले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्नेछ। फरफारक भएका आयोजनाहरूको सम्बन्धित नगरपालिकाको कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ।

**१३. आयोजना लगत राख्नु पर्ने :** नगरपालिकाले तीन लाख रूपैयाँ भन्दा माथिका आयोजनाको अनुसूची-२ बमोजिम आयोजनाको लगत खाता राख्नु पर्नेछ ।

**१४. लाभग्राहीको सामुहिक बीमा**ः स्थानीय सरकार तथा सहयोगी संस्थाले परियोजना कार्यमा काम गर्ने सम्पूर्ण कामदारहको हितलाई ध्यानमा राखी सामुहिक दुर्घटना बीमा गर्नेछ र सोको बीमा सम्बन्धी आवश्यक जानकारी उपभोक्ता समितिलाई गराईनेछ । बीमाको रकम आयोजनाको प्रकृति हेरि नगरपालिकाले निर्धारण गर्नेछ ।

## परिच्छेद-३
## आयोजनाको खरिद, दाखिला तथा भुक्तानी व्यवस्थापन

**१५. आयोजना कार्यान्वयनमा चाहिने स्थानीय तथा बाह्य सामाग्री खरिद**ः आयोजना संचालनको लागि आवश्यक पर्ने निर्माण सामग्री, औजार तथा व्यक्तिगत सुरक्षाका सामग्रीहरु खरिद गर्नु पर्दा सार्वजनिक खरिद ऐन, २०६३ वा प्रचलित कानुनको अधिन भित्र रहि नगरपालकिाले गर्नेछ ।

**१६. खरिद गरिएका सामाग्रीहरुको दाखिला तथा भण्डारण व्यवस्थापन**ः नगरपालिका वा वडा कार्यालयले दफा १५ बमोजिम खरिद भएका निर्माण सामाग्रीहरुको उचित तवरले तथा नियम संगत अभिलेख राखि आम्दानी बाँध्नु पर्नेछ । तर आम्दानी बाँधी अभिलेख राख्दा सामाग्रीको गुणस्तर तथा परिमाणको चेकजाँच प्राविधिक कर्मचारी वा तोकिएको अधिकारीबाट गराउनु पर्नेछ । सामाग्रीको गुणस्तर तथा परिमाण ठिक नभएको खण्डमा सामाग्रीका दाखिला नगरि पुनः सप्लायर्सलाई फिर्ता पठाईनेछ । दाखिला वेगर नगरपालिकाले कुनै पनि निर्माण सामाग्रीहरुको वितरण वा खर्च गर्न पाईने छैन ।

**१७. कामदार वा लाभग्राहीको बैङ्क खाता सञ्चालन**ः आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारको ज्याला भुक्तानी बैङ्क मार्फत निजको ब्यक्तिगत बैङ्क खातामा गर्नुपर्नेछ । कामदारलाई पायक पर्ने बैङ्कमा बैङ्क खाता खोल्नका लागि अभिप्रेरित वा उत्प्रेरित तथा सहजीकरण नगरपालिका वा वडा कार्यालयबाट गर्नु पर्नेछ ।

**१८. कामदार वा लाभग्राहीको पारिश्रमिक भुक्तानी प्रक्रिया**ः (१) आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारले बैङ्क खाता संचालनको विस्तृत विवरण नगरपालिका वा वडा कार्यालय वा उपभोक्ता समिति वा खटिएका कर्मचारीलाई दिनु पर्नेछ र कामदारको बैंङ्क खाताको विवरण नगरपालिकाले व्यवस्थित सूचना प्रणालीमा प्रविष्ट गरि अभिलेखलाई व्यवस्थित गर्नु पर्नेछ ।

(२) नगरपालिकाले कामदारको ज्याला रकम भुक्तानी बैङ्क मार्फत निजको ब्यक्तिगत बैङ्क खातामा गर्नु नगरपालिकाको दायित्व हुनेछ र बैंङ्क खाता बाहेक कामदारलाई कुनै पनि नगद भुक्तानी गरिने छैन ।

(३) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईनेछ ।

(४) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

(७) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची-४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(८) आयोजनाको कुल लागत रु ३ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची-५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ ।

(९) उपभोक्ता समितिलाई नगरपालिकाले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(१०) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ।

(११) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ।

(१२) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ|

**१९. आयोजनाको लागि आवश्यक हाते औजार व्यवस्थापनः** आयोजनाको कार्य संचालनका लागि चाहिने आवश्यक हाते औजारहरु तथा व्यक्तिगत सुरक्षाका सामग्रीहरु नगरपालिकाले व्यवस्थापन गर्नु पर्नेछ।

## परिच्छेद-४
## उपभोक्ता समिति सम्बन्धी व्यवस्था

**२०. उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्था:** उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ:

(१) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(२) समिति गठनको लागि आम भेला हुने समय , मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा सम्बन्धित वडा कार्यालयले जानकारी गराउनु पर्नेछ।

(३) नगरपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(४) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(५) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ।

(६) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।

(७) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन|

(८) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिनेछ।

(९) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

(१०) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन।

(११) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख **अनुसूची-६** बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ।

**२१. उपभोक्ता समितिका सदस्यको योग्यता:** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको।

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्षक तथा सरकारी कोषबाट तलब भत्ता जस्ता सुबिधा प्राप्त गर्ने व्यक्ति उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन।

**२२. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार:** उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने

(छ) आयोजनाको दीगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने।

**२३. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन:** (१) कार्यालयले आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ्ग, डिजाईन र लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यलयबीच अनुसूची-७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(३) आयोजनाको प्रकृति हेरी कार्यालयले सम्झौता गर्दाका वखत लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ। तर एकै प्रकृतिका अयोजनामा फरक फरक ढाँचा र अनुपात तोक्न पाइने छैन र त्यस्तो लागत सहभागिता आयोजनाको कुल लागतको १०% भन्दा कम हुने छैन। नगद सहभागिता भए कार्यालयसंग सम्झौता गर्नु पूर्व बैंक दाखिला गरी भौचर पेश गर्नु पर्नेछ र वस्तुगत सहायता भए उपभोक्ताले खरिद गरी आयोजनास्थलमा पुऱ्याएमा मात्र सम्झौता हुनेछ।

(४) उपभोक्ता समितिले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ। जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिसँग कार्यालयले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गरी निर्माण कार्य सम्पन्न गर्न सक्नेछ।

**२४. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु:** (१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि

(ग) आयोजनाको लागत अनुमान विवरण

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु

(छ) उपभोक्ता समितिको दर्ता भएको प्रमाण पत्र भए सो को प्रमाण पत्र।

**२५. उपभोक्ता समितिको क्षमता विकास:** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ

(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान

(ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

(छ) अन्य आवश्यक विषयहरु।

**२६. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तर: निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

(ग) निर्माण कार्यको दीगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दीगोपनाको लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी: उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय , लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

**२७. अनुगमन समितिको व्यवस्था:** (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा १३ (१) (क) बमोजिमको भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने ।

**२८. अन्य संस्थाबाट कार्य गराउन सकिने:** यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह ,सामुदायिक संस्था जस्तै सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति, सामुदायिकस्तरका सहकारी संस्थाहरू , टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानुन बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य संचालन गर्न/गराउन सकिनेछ ।

**२९. सहजीकरण र सहयोग गर्नु पर्ने:** उपभोक्ता समितिले आयोजनाको सुपरीवेक्षण, अनुगमन/निरीक्षण गर्न कार्यालयबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलव्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

**३०. उपभोक्ता समितिको दायित्व:** उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ ।

(१) आयोजनाको दीगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य

(२) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य

(३) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(४) असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(५) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची-८ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**३१. मापदण्ड बनाउन सक्ने:** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ।

(२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

## परिच्छेद-५
## अनुगमन समिति सम्बन्धी व्यवस्था

**३२. अनुगमन समितिको गठन :** (१) वडा स्तरीय आयोजना वा कार्यक्रमको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको वडा स्तरीय अनुगमनसमिति रहनेछ :

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्य - सदस्य

(ग) वडा सचिव -सदस्य सचिव

२) वडास्तरीय आयोजना वा कार्यक्रम सम्पन्न भएपछि वडास्तरीय समितिले अनिवार्य रुपमा अनुगमन गरी सोको प्रतिवेदन अनुसूची-९ को ढाँचामा वडा समितिमा पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदनका आधारमा वडा समितिले अन्तिम भूक्तानी तथा फरफारकको लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

३) वडा तथा नगरपालिकास्तरीय आयोजना वा कार्यक्रमको समग्र अनुगमन गर्न देहाय बमोजिमको नगरपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ :

(क) नगर उपप्रमुख – संयोजक

(ख) योजना संचालन हुने वडाको अध्यक्ष – सदस्य

(ग) पूर्वाधार विकास समितिको संयोजक – सदस्य

(घ) प्रमुख, पूर्वाधार शाखा – सदस्य

(ङ) प्रमुख, योजना शाखा – सदस्य सचिव

४) वडा तथा नगरपालिकास्तरीय आयोजना वा कार्यक्रम सम्पन्न भएपछि उपदफा (३) बमोजिमको समितिले अनिवार्य रुपमा अनुगमन गरी सोको प्रतिवेदन अनुसूची-९ को ढाँचामा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । उक्त प्रतिवेदनका आधारमा मात्र कुनै पनि योजना तथा कार्यक्रमको अन्तिम भूक्तानी र फरफारक हुनेछ ।

५) उपदफा (१) र (३) बमोजिमका समितिले नियमित वा आकस्मिक रुपमा आ-आफो क्षेत्रमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६) कुनै पनि आयोजना वा कार्यक्रम संचालनको जुनसुकै चरणमा नगरपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा कार्यक्रमसँग सम्बन्धित अधिकार प्राप्त अधिकारीले कुनै पनि समयमा सुपरीवेक्षण तथा अनुगमन गरी आवश्यक राय सल्लाह दिन वा कुनै त्रुटी सच्याउन आदेश दिन सक्नेछन् ।

## परिच्छेद-६

## विविध

**३३. आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धी व्यवस्था :** १) नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको कन्टिन्जेन्सी रकम खर्च गर्दा कूल पूँजीगत खर्चको अनुपातमा मात्र खर्च गर्न सकिनेछ । तर आयोजनाको शुरु चरणमा हुने ठेक्का सूचना लगायतका कन्टेन्जेन्सी खर्च गर्न बाधा पुग्याएको मानिने छैन ।

२) उपदफा (१) बमोजिम छुट्याएको रकम देहायका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ :-

क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,

ख) समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरीवेक्षणसम्बन्धी खर्च,

गा) ठेक्का सूचना प्रकाशन, आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च,

घ) कार्यक्रम वा आयोजनाको सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदनसम्बन्धी खर्च

ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय,

च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरू,

ज) आयोजनाको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन गर्न आवश्यक सवारी साधन, सोमा लाग्ने इन्धन तथा चालकको पारिश्रमिक खर्च ।

झ) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

ज) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य,

ट) प्राविधिक कर्मचारी व्यवस्थापन तथा प्राविधिक कर्मचारीलाई दिइने फिल्ड भत्ता लगायतका सुविधा

ठ) कार्यालय व्यवस्थापनका लागि आवश्यक अन्य खर्चहरु ।

**३४. फिल्ड भत्ता सम्बन्धी व्यवस्था :** आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी आदि कार्य गर्न, अनुगमन गर्न, साथै अन्य प्राविधिक कार्य गर्नका लागि प्राविधिक कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम दैनिक वा मासिक रुपमा फिल्ड भत्ता दिन सकिनेछ ।

**३५. बाधा अडकाउ फुकाउने :** यस कार्यविधिमा कुनै बाधा परे नगर कार्यपालिकाले निर्णय गरी वाधा अडकाउ फुकाउन सक्नेछ ।

**३६. बचाउ :** यो कार्यविधि जारी हुनु भन्दा अगाडि संचालन र फरफारक भएका कार्यक्रमहरु यसै कार्यविधि बमोजिम फरफारक भएको मानिने छ ।

## अनुसूची १

### दफा ११ (२) सँग सम्बन्धित)
### आयोजना हस्तान्तरण फाराम

| सि.न. | योजनाको नाम र स्थान | योजनाको | | निर्माण प्रक्रियामा चिन्ह लगाउने | | | | | | योजनाको | | | योजना हस्तान्तरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लागत अनुमान | खुद लागत | उपभोक्ता समिति | सामुदायिक संस्था | गैसस | विषयगत कार्यालय | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | जाँचपास | मिति | जिम्मा लिने निकाय | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

आयोजना बुझाउनेकोदस्तखत
पद
मिति

आयोजना बुझ्नेको दस्तखत
पद
मिति

हस्तान्तरणका शर्तहरुः
क) हस्तान्तरण भएका योजनाहरुको मर्मत सम्भार सम्बन्धमा सम्बन्धित बुझिलिने निकायले जिम्मा लिनु पर्नेछ।
ख) हस्तान्तरित आयोजनाबाट सरोकारवाला सबैको सहभागितामा लाभको बाँडफाँडको प्रतिफल सम्बन्धमा उपभोक्ता समितिको निर्णयबाट गराउनु पर्नेछ।
ग) सेवा शुल्क असुल गर्न नगरपालिकाको पूर्वसहमति लिनुपर्नेछ।
घ) मर्मत संभार सम्वन्धी व्यवस्था कार्यविधि समेत बनाई व्यवस्था मिलाउनु पर्नेछ।
ड) यो फाराम अभिलेखको लागि एक प्रति कार्यालयमा सुरक्षित राख्नु पर्नेछ।

## अनुसूची २

**(दफा १३ सँग सम्बन्धित)**
**आयोजना लगत खाता**

आ.व.

| सि.न | आयोजनाको नाम र स्थान | लागत अनुमान | कार्य सञ्चालन प्रक्रियामा (चिहन लगाउने) | | | | | आयोजना | | | | लागत सहभागिता | | | | आयोजनाबाट लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विषयगत कार्यालय | गै.स.स | उपभोक्ता समिति | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | भौतिक प्रगति | जाँचपास मिति | नगरपालिकाको अंश | अन्य साझेदारको अंश | उपभोक्ता समितिको अंश | जम्मा रु | पूरुष | महिला | जम्मा |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

नोट: भौतिक प्रगति इकाईमा उल्लेख गर्नुपर्नेछ। जस्तै: सडक भए किलोमिटर।

| तयार गर्नेः | पेश गर्नेः | प्रमाणित गर्ने : |
|---|---|---|
| नाम | नाम | नाम |
| पद | पद | पद |

**अनुसूची ३**
**दफा १८(६) सँग सम्बन्धित**
**सार्वजनिक परीक्षण फारामको ढाँचा पेश गरेको कार्यालय...**

१. आयोजनाको नामः क. स्थलः
ख. लागत अनुमानः ग. आयोजना शुरू हुने मितिः घ, आयोजना सम्पन्न हुने मितिः
२. उपभोक्ता समिति/सामुदायिक संस्थाको क. नामः
क. अध्यक्षको नामः ख. सदस्य संख्याः महिलाः पुरूषः
३. आम्दानी खर्चको विवरणः

क. आम्दानीतर्फ जम्माः

| आम्दानीको श्रोत .नगद तथा जिन्सी कति कहा बाट प्राप्त भयो उल्लेख गर्ने, | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

ख. खर्चतर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| १.सामाग्री .के के सामाग्री खरिद भयो %. | | | |
| २.ज्याला .के मा कति भुक्तानी भयो | | | |
| | | | |
| | | | |
| ३.श्रमदान कति जनाले श्रमदान गरे . | | | |
| | | | |
| | | | |
| ४.व्यवस्थापन खर्च ,ढुवानी तथा अन्य खर्च, | | | |
| | | | |

ग. मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| २.बैंक | | |
| ३.व्यक्तिको जिम्मा | | |

| ४. सामग्रीहरु | | |
|---|---|---|

घ. भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
|---|---|
| | |

५. आयोजनाले पुःयाएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या .आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू।

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |
| | | |

५. आयोजनाले पुःयाएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या .आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू।

६. आयोजना सञ्चालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड .कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिएःखुलाउने

उपस्थितिः

१.

२.

३.

४.

५.

रोहवरः नामथरः पदः मितिः

द्रष्टव्यः सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित सरोकारवालाहरुको उपस्थिति अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।

**अनुसूची ४**
**दफा १८ (७) सँग सम्बन्धित**

**खर्च सार्वजनिक सूचना फाराम**

मितिः २० ।।

१. आयोजनाको नामः-                                        २. आयोजना स्थलः-

३. विनियोजित वजेटः- ४. आयोजना स्विकृत भएको आ.वः- ५. आयोजना सम्झौता भएको मितिः-

६. काम सम्पन्न गर्नु पर्ने मितिः-                    ७. काम सम्पन्न भएको मितिः-

८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मितिः-

आम्दानी र खर्चको विवरण

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम रू | विवरण | रकम रू |
| प्रथम किस्ता | | ज्याला | |
| दोश्रो किस्ता | | निर्माण सामाग्री खरिद | |
| तेश्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |
| | | | |
| | | | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ । साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ

अध्यक्ष                                        कोषाध्यक्ष                                        सचिव

**अनुसूची ५**

**दफा १८ (८) संग सम्बन्धित,**

**आयोजना सूचना पाटीको नमूना**

१.आयोजनाको नामः

२.आयोजना संचालन गर्ने कार्यालय/कार्यक्रमको नामः

३.उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं:

४.आयोजनाको कुल लागत रकम रुः

४.१. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रुः

४.२. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रुः

४.३. आयोजनामा लगानी गर्ने अन्य निकायको नाम र व्यहोर्ने लागत रकम रुः

५. आयोजना सम्झौता मितिः

६. आयोजना सम्पन्न गर्ने मितिः

७.आयोजनाबाट लाभान्वित जनसंख्याः

**अनुसूची ६**

**दफा २० (११) संग सम्बन्धित,**

**उपभोक्ता समितिको लगत**

**शारदा नगरपालिका**

| आ.व. | उपभोक्ता समितिको नामर ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | खाता न. |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसूची ७**

**दफा २३ (२) सँग सम्बन्धित,**

**शारदानगरपालिका**

## योजना सम्झौता फाराम

१. सम्झौता गर्ने पक्ष र आयोजनाः

क. उपभोक्तासमितिको विवरणः

१. नामः

२. ठेगानाः

ख. आयोजनाको विवरणः

१. नामः

२. आयोजना स्थलः

३ उददेश्यः

४. आयोजना सुरु हुने मितिः

२. आयोजनाको लागत सम्वन्धि विवरणः

क. लागत अनुमान रु

ख. लागत व्यहोर्ने स्रोतहरु

१. कार्यालयः

२. उपभोक्ता समितिः

३. अन्यः

ग. बस्तुगत अनुदानको विवरण सामाग्रीको नाम एकाई

१. संघबाट

२. प्रदेशबाट

३. नगरपालिकाबाट

४. गैहसरकारी संघसंस्थाबाट

५. विदेशी दातृ संघ संस्थाबाट

६. उपभोक्ता समितिबाट

७. अन्य निकायबाट

घ. आयोजनाबाट लाभान्वित हुनेः

१. घरपरिवार संख्याः

२. जनसंख्याः

३. संगठित संस्थाः

४. अन्यः

३. उपभोक्ता समिति/समुदायमा आधारित संस्था/गैहसरकारी संस्थाको विवरणः
क. गठन भएको मितिः

ख. पदाधिकारीको नाम र ठेगाना .नागरिकता प्रमाणपत्र नं. र जिल्ला.
१. अध्यक्ष
२. उपाध्यक्ष
३. कोषाध्यक्ष
४. सचिव
५. सदस्य
६. सदस्य
७. सदस्य

ग. गठन गर्दा उपस्थित लाभान्वितको संख्याः
४. आयोजना सञ्चालन सम्वन्धि अनुभवः
५.उपभोक्ता समिति समुदायमा आधारित संस्था/गैहसरकारी संस्थाले प्राप्त गर्ने किस्ता विवरणः

| किस्ताको क्रम | मिति | किस्ताको रकम | निर्माण समाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

६. आयोजना मर्मत संभार सम्बन्धी व्यवस्था

क.आयोजना मर्मत संभारको जिम्मा लिने समिति/संस्थाको नामः
ख. मर्मत सम्भारको सम्भावित स्रोत ,छ छैन खुलाउने,

- जनश्रमदानः
- सेवा शुल्कः
- दस्तुर, चन्दाबाट
- अन्य केही भएः

सम्झौताका शर्तहरु
उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः
१. आयोजना मिति................ देखि शुरु गरी मिति................सम्ममा पुरा गर्नु पर्नेछ।
२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उदधेश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ।
३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ।
४. आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ।
५. आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ।
६. उपभोक्ता समितिले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ।

७. उपभोक्ता समितिले आयोजनासंग सम्बन्धित बिल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति/समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।

९. आयोजनाको लागि आवस्यकपर्ने बाह्य निर्माण सामाग्रीहरु लागतअनुमानमा तोकिय बमोजिमको मात्रा तथा गुणस्तर अनुशार पालिकाले खरिदगरी उपलव्ध गराउनेछ। र यसरी उपलब्ध गराइने निर्माण सामाग्रीहरुको मात्रा तथा गुणस्तर यकिनगरी उपभोक्ता समितिले बुझी उचीत भण्डारणतथा व्यवस्थापन गर्नुपर्नेछ।

१०. मूल्य अभिबृद्धि कर (VAT)लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ। साथै उक्त बिलमा उल्लिखित मुल्य अभिवृद्धि कर बाहेकको रकममा १.५% अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ। रु २०,०००।- भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ। अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ|

११. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई बिल भरपाई पेश भएको अवस्थामा १०% प्रतिशत घर भाडा कर एबम् बहाल कर तिर्नु पर्नेछ। प्राकृतिक श्रोत साधनमा लाग्ने दस्तुर प्रचलित कानून अनुसार लाग्नेछ।

१२. प्रशिक्षकले पाउने पारिश्रमिक एवम् सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ।

१३. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ। यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूहनै जिम्मेवार हुनेछ।

१४. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित कार्यालयलाई बुझाउनु पर्नेछ। तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ।

१५. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित बिल भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपी तथा सम्बन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ।

१६. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्नेछ | साथै आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ।

१७. आयोजना कार्यान्वयन गर्ने समुह वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन **अनुसूची ६** को ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ।

१८. आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ।

१९. आयोजनाको सबै काम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ | कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः

१. आयोजनाको बजेट, उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखांकन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ|

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलव्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ।

३. आयोजनाको प्राविधिक सुपरिवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाईनेछ। उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ।

४. पेश्की लिएर लामो समयसम्म आयोजना संचालन नगर्ने उपभोक्ता समितिलाई कार्यालयले नियम अनुसार कारवाही गर्नेछ।

५. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसंग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मुल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

६. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँच पास गरी फरफारक गर्नु पर्नेछ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलव्ध गराउन सम्बन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएपछि उपभोक्ता समितिको बैंक खातामा भुक्तानी दिनु पर्नेछ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं।

| | |
|---|---|
| उपभोक्ता समिति/समूहको तर्फबाट | कार्यालयको तर्फबाट |
| दस्तखत.......... | दस्तखत....... |
| नाम थर............ | नाम थर........ |
| पद............... | पद......... |
| ठेगाना............. | ठेगाना......... |
| सम्पर्क नं........... | सम्पर्क नं........ |
| मिति.......... | मिति........... |

## अनुसूची -८

### (दफा ३० (५) सँग सम्बन्धित,

### उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

विवरण पेश गरेको कार्यालय..........

१. आयोजनाको विवरण

आयोजनाको नामः वडा नं: टोल/बस्तीः उपभोक्ता समितिका अध्यक्षः सचिवः

२. आयोजनाको लागतः प्राप्त अनुदान रकम रू. चन्दा रकम रू. जनसहभागिता रकम रू.

जम्मा रकम रू.

३. हालसम्मको खर्च रू.

क. कार्यालयबाट प्राप्त रकम रू.......

१. निर्माण सामग्रीमा ,सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि, रू. ,

२. ज्यालाः- दक्ष रूः- अदक्ष रू. जम्मा रू.

३. मसलन्द सामान .कपि, कलम, मसी, कागज आदि, रू. ४. दैनिक अमण भत्ता सम्झौतामा स्वीकृत भए, रू.

५. प्राविधिक निरीक्षण बापत खर्च .सम्झौतामा स्वीकृत भए, रू.

६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रुः.......... श्रमको मूल्य बराबर रकम रू.

जिन्सी सामान मूल्य बराबर रकम रू. ....... कूल जम्मा रू. .....

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू. .......

५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रू. .......

६, कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू: क. ख. ग.

७. समाधानका उपायहरू

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझावः

९. हाल माग गरेको किस्ता रकम रू.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| ............. | .................... | ...................... |
|---|---|---|
| सचिव | कोषाध्यक्ष | अध्यक्ष |

**अनुसूची -९**
**(दफा ३२ (४) संग सम्बन्धित)**
**शारदा नगरपालिका**
**खलंगा,सल्यान**
**अनुगमन समितिको प्रतिवेदन**

अनुगमन गरेको मितिः ...........

१. योजनाको नामः ..........................

२. योजना निर्माणस्थलः वडा नं. ...... स्थानः .................

३. योजना निर्माण शुरु मितिः ................ ४. योजना सम्पन्न भएको मितिः ................

५. सम्झौता रकम रु. ............... हालसम्मको भुक्तानी रु. ............

६. भौतिक प्रगतिः ................ प्रतिशत

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप सम्पन्न भए नभएकोः

८. योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए नभएकोः

९. उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः

१०. डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः ....................

११. योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएकोः ............................

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना .......................................

१३. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे नगरेकोः

१४. उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिको निर्णय तथा सुझावः

१५. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धताः .......................

१६. स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा प्रतिकृयाः ......................

१७. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयनको अवस्थाः

१८. संलग्न प्राविधिकको धारणा र प्रतिबद्धताः .......................

१९.	समिति/अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः ...................................

अनुगमन गर्ने पदाधिकारीहरु

| | | |
|---|---|---|
| क. नामः ......................... | पदः ............... | दस्तखतः .............. |
| ख. नामः ...................... | पदः ............ | दस्तखतः .............. |
| ग. नामः ......................... | पदः ............... | दस्तखतः .............. |
| घ. नामः ...................... | पदः ............ | दस्तखतः .............. |
| ङ. नामः ......................... | पदः ............... | दस्तखतः .............. |

अनुगमन समितिको निष्कर्षः

अनुगमन समितिद्वारा यस योजनाको अनुगमन गर्दा लागत अनुमान बमोजिमको कार्य सम्पन्न (भईसकेको/नभएको), उपभोक्ता समितिको तर्फबाट जनश्रमदान (भएको/नभएको) तथा नियमानुसार सार्वजनिक परीक्षण समेत (भइसकेको/नभएको) पाईएकोले योजना फरफारकका लागि नगरपालिकालाई सिफारिस (गर्ने/नगर्ने) निर्णय गरियो।

**आज्ञाले**

**ओम प्रकाश देवकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**